# **लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड**

तेश्रो बार्षिक साधारण सभाको विवरण
तथा छलफल र निर्णयको माइन्युट

कम्पनीको तेश्रो बार्षिक साधारण सभाको विवरण तथा छलफल र निर्णयको माइन्युट देहाय बमोजिम प्रस्तुत गरिएको छः

## **सभाको सूचनाः**

कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम कम्पनीको तेश्रो बार्षिक साधारण सभाको सूचना साथै सञ्चालक समितिको आ.ब. २०६३/६४ को तेश्रो वार्षिक प्रतिवेदन र सोही अवधिको लेखापरीक्षकले प्रमाणित गरेको वासलात, नाफा नोक्सान तथा नगद प्रवाह विवरण शेयरधनीहरूको ठेगानामा पठाइएको थियो । उक्त सभा बस्ने मिति, स्थान, समय र छलफल हुने बिषयहरूको सूचना शेयरधनीहरूको जानकारीको लागि मितिः २०६४ साल चैत्र २७ गतेको गोरखापत्र र चैत्र २८ गतेको नेपाल समाचारपत्रमा प्रकाशित गरिएको थियो । यसको साथै उल्लेखित विवरणहरू कम्पनीको वेभसाइट www.lgic.com.np मा राखि हेर्न वा प्राप्त गर्न सकिने व्यबस्था गरिएको थियो ।

## **सभाको मिति, समय र स्थानः**

मितिः  २०६५ साल बैशाख ३० गते सोमवार (तदानुसार मे १२, २००८)

समयः बिहान ११:०० बजे शुरू भई अपरान्ह १:०० बजे सम्पन्न भएको,

स्थानः राष्ट्रिय सभागृह, प्रदर्शनीमार्ग, काठमाडौं ।

## **उपस्थितिः**

**क)  सञ्चालकहरूः**

| | | |
|---|---|---|
| १. | श्री हिमालय शमशेर ज.ब.राणा | अध्यक्ष |
| २. | श्री शैलेन्द्र कुमार श्रेष्ठ | प्रबन्ध सञ्चालक |
| ३. | श्री सुरज वैद्य | सञ्चालक |
| ४. | श्री चिन्तामणि भट्टराई | सञ्चालक |
| ५. | श्री दुर्गा बहादुर श्रेष्ठ | सञ्चालक |
| ६. | श्री मिङ्मा दोर्जी शेर्पा | सञ्चालक |
| ७. | श्री मनोहर दास मुल | सञ्चालक |
| ८. | श्री शङ्कर घिमिरे | सञ्चालक |

९. श्री श्याम बहादुर श्रेष्ठ — सञ्चालक

**ख) जम्मा शेयरधनीहरूको उपस्थिति संख्याः** ५८ (अन्ठाउन्न)

**ग) पर्यवेक्षक उपस्थितिः**

१. श्री बालकृष्ण कोंजु, प्रतिनिधि नेपाल धितोपत्र विनिमय बजार लि.

२. श्री जितेन्द्र बहादुर राजभण्डारी, लेखापरीक्षक ।

**घ) कम्पनीका अन्य पदाधिकारीहरूको उपस्थितिः**

| | | |
|---|---|---|
| १. | श्री प्रकाशमान तुलाधर | नायब प्रबन्ध सञ्चालक |
| २. | श्री बिजेन्द्रमान जोशी | बरिष्ठ प्रबन्धक, वित्त बिभाग |
| ३. | श्री कृष्ण प्रसाद दवाडी | प्रबन्धक, अण्डरराइटिङ्ग बिभाग |
| ४. | श्रीमती करूणा मानन्धर | प्रबन्धक, पुनर्बीमा तथा दावी बिभाग |
| ५. | श्री देवेन्द्र कोइराला | कम्पनी सचिव |

**गणपुरक संख्याः** (कम्पनीको नियमावलीको नियम (५) अनुरूप):

| विवरण | जम्मा उपस्थिति | कूल शेयरको प्रतिनिधित्व |
|---|---|---|
| उपस्थित शेयरधनी संख्या | ५८ | ५४.६० प्रतिशत |
| शेयर कित्ता | ६,८२,५१० | |

## ***सभाको वैधानिकता र सभाको अध्यक्षताः***

क) कम्पनीको नियमावलीको नियम ५ मा व्यबस्था भए बमोजिम कम्पनीको बांडफांड भएको कूल शेयर संख्याको ५० प्रतिशतभन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरी जम्मा शेयरधनीहरू मध्ये कम्तीमा १० जना शेयरधनीहरू स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थित भएमा साधारण सभाको गणपुरक संख्या पूरा हुने उल्लेख गरिएकोमा प्रस्तुत साधारण सभामा हांजिरी जनाउने शेयरधनीहरूको संख्या ५८ भएको र सो उपस्थितिले कम्पनीको बाँडफांड भएको कूल १२ लाख ५० हजार कित्ता शेयरमध्ये ६,८२,५१० कित्ता अर्थात ५४.६० प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुंदा सभा सञ्चालनको लागि गणपुरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली अनुसार सभा वैधानिक भएको घोषणा कम्पनी सचिवबाट गरियो ।

ख) तत्पश्चात सञ्चालक समितिका अध्यक्ष श्री हिमालय शमशेर ज.ब. राणाज्यूलाई सभाको अध्यक्षता ग्रहण गरी बार्षिक साधारण सभाको निर्धारित कार्यक्रम शुरू गर्न कम्पनी सचिवबाट अनुरोध गरियो ।

ग)	अध्यक्षज्यूले सबै शेयरधनी महानुभावहरूलाई सञ्चालक समितिको तर्फबाट स्वागत गर्नुभयो ।

छलफल शुरू हुनुभन्दा अगाडि यस कम्पनीका संस्थापक शेयरधनी तथा पूर्व सञ्चालक नारायण सिंह पुनज्यूको २०६४ साल फाल्गुण ९ गते असामयिक स्वर्गारोहण भएको हुंदा अध्यक्षज्यूको आग्रह अनुसार दिवंगत नारायण सिंह पुनको आत्माको चीर शान्तिको कामना गर्न तथा वहांको परिवारलाई यस दुःखद घडिमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामना गर्दै १ मिनेट उठेर मौन धारण गरियो । मौन धारण पश्चात अध्यक्षज्यूले सभाको काम कारबाही अगाडि बढाउनुभयो ।

**<u>छलफलका बिषय सूचिहरुः</u>**

१.	सञ्चालक समितिको बार्षिक प्रतिवेदन,

२.	लेखापरीक्षकको प्रतिवेदन सहित २०६४ साल असार मसान्तको वासलात, आ.ब.२०६३/६४ को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण अनुमोदन,

३.	आ.ब. २०६४/६५ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक,

४.	कम्पनीको नियमावली संशोधन सम्बन्धी विशेष प्रस्ताव,

५.	सर्वसाधारण शेयरधनीहरूको समूह "ख" बाट २ जना सञ्चालकहरूको निर्वाचन,

६	बिबिध ।

**क) <u>सञ्चालक समितिको बार्षिक प्रतिवेदनः</u>**

सभाको अनुमति लिई अध्यक्षज्यूले सञ्चालक समितिको आ.ब. २०६३/६४ को तेश्रो वार्षिक प्रतिवेदनको मुख्य मुख्य बुंदाहरूमा प्रकाश पार्नुभयो र कम्पनीको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको चालु आ.ब. २०६४/६५ को पौष मसान्तसम्मको कारोवारको सम्बन्धमा जानकारी गराउनुभयो । धेरै बीमा कम्पनीहरूको बीचमा बिबिध चुनौतिहरूको सामना गर्दै यस कम्पनी अगाडि बढ्न सफल भएको र यसको सफलताको लागि ग्राहकवर्ग, शेयरधनीहरूको विश्वास, कम्पनीको व्यवस्थापन कार्यकुशलताको कारणबाट हामीहरूले सन्तोषजनक उपलव्धी हांसिल गर्न सक्षम भएको मन्तव्य अध्यक्षज्यूले राख्नुभयो । बजारमा देखिएको कठोर र अस्वस्थ प्रतिप्रर्धाको सामना गर्नु निकै चुनौतिपूर्ण रहेको भएपनि हामीले आफ्नो अलग्गै पहिचान कायम गरी आफ्नो काम कारवाही अगाडि बढाउने प्रयास गरिरहेको जानकारी गराउनुभयो ।

आ.ब. २०६२/६३ को तुलनामा आ.ब. २०६३/६४ मा १०६% भन्दा बढि बीमाशुल्क आर्जन भएको र कूल आम्दानी करीब १२३% ले बृद्धि गर्न कम्पनी सफल भएको जानकारी गराउनुभयो । समीक्षा वर्षमा तराई लगायतका क्षेत्रहरूमा भएको आन्दोलनको कारणबाट भएको क्षतिको कारण बढि दावी पर्न आएको, बीमा समितिको निर्देशन अनुसार

कर्मचारीहरूको बिदा र उपदान बापतको दायित्वको व्यवस्था गरिएको हुंदा सोचेजस्तो मुनाफा हुन नसकेको जानकारी गराउनुभयो ।

चालु आ.ब. २०६४/६५ मा २० करोड बीमाशुल्क पुऱ्याउने लक्ष्य राखिएकोमा चैत्र मसान्तसम्म कम्पनीले बीमाशुल्क करिब रू. १४ करोड ७२ लाख ९२ हजार र अन्य आम्दानी समेत गरी जम्मा रू. २० करोड ३७ लाख ८० हजार आर्जन गर्न सफल भएको र यस अवधिमा रू. १३ करोड ८६ लाख ६० हजार खर्च भएको जानकारी गराउनुभयो । चालु आ.ब. को लेखापरीक्षण हुन बाँकी छ । बीमा कम्पनीहरूले आफ्नो आम्दानीको ५० प्रतिशत जगेडामा राख्नुपर्ने र त्यसलाई आगामी वर्षको मुनाफामा बांध्न सकिने भएकोले अकस्मात कुनै ठूलो दुर्घटना नभएमा आगामी बर्ष केहि मुनाफा बाड्न सकिने अबस्था रहेको जानकारी गराउनुभयो ।

## ख) आ.ब. २०६३/६४ को वासलात, लेखापरीक्षकको प्रतिवेदन:

तत्पश्चात अध्यक्षज्यूले लेखापरीक्षकको प्रतिवेदन सहित २०६४ साल असार मसान्तको वासलात, आ.ब. २०६३/०६४ को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरणप्रति सभाको ध्यान आकृष्ट गराउनु भयो र सोको प्रमुख बुंदाहरूको सम्बन्धमा प्रकाश पार्नुभयो ।

यसरी सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित २०६४ साल असार मसान्तको वासलात, आ.ब. २०६३/०६४ को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण पारित गरिदिन औपचारिक अनुरोध गर्दै यसमा आफ्नो धारणा र सुझाव भए व्यक्त गरिदिनुहुन शेयरधनीहरूलाई आग्रह गर्नुभयो ।

**श्री लोकराज पन्त**

गतवर्षको तुलनामा आम्दानीमा उल्लेख्य बृद्धि भएको देखियो । यसको साथसाथै खर्च पनि बृद्धि भएको देखिएकोले के कति कारणबाट खर्च बृद्धि हुन गयो र खर्च घटाउनतर्फ बिशेष ध्यान दिनु पऱ्यो । लाभांश बाड्ने अबस्था छ कि छैन ।

**श्री सुमिर कुमार रिमालः**

कम्पनीले रकम निक्षेप गर्दा बढि व्याज आउने बैंक, फाइनान्समा गर्नुपर्छ । बाणिज्य बैंकमा कम व्याज प्राप्त हुने हुंदा अरू बैंक वा फाइनान्स कम्पनीमा राख्दा बढि व्याज आउने भएकोले यसतर्फ ध्यान दिनुपऱ्यो ।

कम्पनीले अफिस सञ्चालनको लागि जग्गा खरिद गर्ने भन्ने जानकारी पाइयो । यसको प्रगति के भएको छ । जग्गा खरिद गरी भवन बनाउनुभन्दा बरू व्यवसायमा बढि मुनाफा आर्जन गरी लाभांश बाड्न उचित देखिन्छ ।

**प्रबन्ध सञ्चालकज्यूको जवाफः**

गतवर्षसम्म हामीहरूले बिभिन्न शहरहरूमा शाखा कार्यालयहरू स्थापना गऱ्यौं । यसबाट कम्पनीको शाखा खोल्ने, घरभाडा, कर्मचारी तलब लगायतका व्यवस्थापन तथा पूर्व-सञ्चालन खर्चमा बृद्धि भएको छ । व्यबसाय बढ्ने सिलसिलामा खर्च पनि बढ्दै जान्छ । तर आगामी दिनहरूमा थप शाखा खोल्ने वा अन्य ठूलो लगानीको योजना नभएको हुंदा पहिलेको जस्तो हिसावले खर्चमा बृद्धि हुंदैन ।

बीमा कम्पनीहरूले रकम निक्षेप गर्दा अपनाउनुपर्ने प्रकृयाहरूको सम्बन्धमा बीमा समितिले निश्चित मापदण्डहरू तयार गरी निर्देशिका जारी गरेको छ । जस अनुसार बढि व्याज आउंछ भन्ने हिसावले मात्रै हामीहरूले आफुखुसी रकम निक्षेप गर्न पाईदैन । यसमा बिभिन्न सीमाहरू तोकिएको छ । ३ वर्ष लगातार नाफामा गएको बैंक, फाइनान्स हुनुपर्ने पनि उल्लेख छ । सरकारी बण्ड, बाणिज्य बैंकहरूमा बढि रकम निक्षेप गर्नुपर्ने निर्देशन छ । लाभांशको सम्बन्धमा कम्पनीको कूल व्यवसायिक मुनाफाको ५० प्रतिशत साधारण जगेडा कोषमा राख्नुपर्ने व्यबस्था छ । सो जगेडा कोषमा कम्पनीको चुक्ता पूंजी बराबर नभएसम्म छुट्याईराख्नु पर्दछ । त्यसैले सबै मुनाफाबाट हामीले तत्कालै लाभांश दिन सक्दैनौं ।

कम्पनीको लागि जग्गा खरिद गर्नको लागि पहिले जम्मा गरेको शेयरको रकमबाट नभै हामीसंग उपलब्ध रकमबाट खरिद गर्ने हो । जग्गा खरिद गर्ने सिलसिलामा हामीहरूले भरमग्दूर प्रयास गरिरहेका छौं तर अपेक्षा गरे अनुसारको जग्गा प्राप्त गर्न सकिएको छैन । जग्गा खरिद गर्दा यसको लागि यहांहरूले पनि कुनै उपयुक्त जग्गाको बारेमा जानकारी भएमा सहयोग गरिदिनुहुन अनुरोध गर्दछु ।

**अध्यक्ष श्री हिमालय शमशेर ज.ब.राणाः**

बीमा समितिको निर्देशन हामीले पालना गर्नैपऱ्यो । पहिलो सरकारी बण्ड अनी बाणिज्य बैंकमा लगानी/निक्षेप गर्नुपर्ने र फाइनान्स कम्पनीमा थोरै प्रतिशत मात्र राख्ने सीमा तोकिएको छ । व्यवहारिक रूपमा बिभिन्न शाखाहरूमा बैंक, फाइनान्सहरूबाट व्यवसाय आउने भए पनि कतिपय बैंकहरूको अबस्था बीमा समितिको निर्देशिकाको सीमाभित्र नपरेको हुंदा खाता बन्द गर्नुपऱ्यो ।

## सभाको निर्णय

क) यी छलफलहरू पश्चात सभामा प्रस्तुत आ.ब. २०६३/०६४ को सञ्चालक समितिको बार्षिक प्रतिवेदन सभाले सर्वसम्मतिबाट अनुमोदन गऱ्यो ।

ख) सभामा प्रस्तुत लेखापरीक्षकको प्रतिवेदन सहित २०६४ साल असार मसान्तको वासलात, आ.ब. २०६३/०६४ को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण

पारित गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नुभएकोमा सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

ग) **<u>आ.ब. २०६४/०६५ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक:</u>**

प्रस्तुत प्रस्तावको सम्बन्धमा हाल रहनुभएका लेखापरीक्षक श्री जितेन्द्र बहादुर राजभण्डारीले लगातार ३ वर्षसम्म यस कम्पनीको लेखापरीक्षण गरिसक्नु भएको हुंदा कम्पनी कानून अनुसार वहांले आगामी आ.ब. २०६४/६५ को लेखापरीक्षण गर्न नसक्ने अबस्था रहेको, कम्पनी ऐनले कम्पनीको लेखापरीक्षण समितिलाई वार्षिक साधारण सभा समक्ष लेखापरीक्षकको नाम सिफारिस गर्ने अधिकार दिएको जानकारी दिंदै अध्यक्षज्यूले यस कम्पनीको लेखापरीक्षण समितिका अध्यक्ष श्री सुरज वैद्यलाई प्रस्तुत प्रस्तावको सम्बन्धमा प्रकाश पारिदिनुहुन आग्रह गर्नुभयो ।

**श्री सुरज वैद्यः**

आर्थिक वर्ष २०६४/६५ को लेखापरीक्षण र कर लेखापरीक्षणको लागि बिभिन्न चार्टर्ड एकाउन्टेन्टहरूबाट हामीहरूले प्रस्ताव माग गरेका थियौं । हाम्रो माग अनुसार टि.आर. उपाध्याय एण्ड कम्पनी, एस.आर. पाण्डे एण्ड कम्पनी र पि.एल. श्रेष्ठ एण्ड कम्पनीबाट प्रस्ताव प्राप्त भयो । जस अनुसार टि.आर. उपाध्याय एण्ड कम्पनीबाट रू. २ लाख, एस.आर. पाण्डे एण्ड कम्पनीबाट रू. १ लाख ५० हजार र पि.एल. श्रेष्ठ एण्ड कम्पनीबाट रू. १ लाख ७० हजार पारिश्रमिक उल्लेख गरी प्रस्ताव पेश गरिएको थियो । बीमा कम्पनीको लेखापरीक्षणको लागि तीनैवटा कम्पनीहरू अनुभव र क्षमताको हिसावले उत्तिकै सक्षम रहेका छन् । तर वहांहरूले पठाएको प्रस्तावमाथि लेखापरीक्षण समितिले गहिरो अध्ययन गरेपछि टि.आर. उपाध्याय एण्ड कम्पनीको प्रस्ताव उपयुक्त रहेको ठहर गरियो । पारिश्रमिकको सम्बन्धमा वहांहरूसंग वार्ता गरी रू. २ लाखको सट्टामा रू. १ लाख ५० हजार दिने गरी सहमति कायम गऱ्यौं ।

तसर्थ यस कम्पनीको २०६५ साल असार मसान्तको वासलात, आ.ब. २०६४/०६५ को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण, कर लेखापरीक्षण र कम्पनी ऐनको दफा ७८ बमोजिमको विवरण प्रमाणित गर्न समेत श्री टि.आर. उपाध्याय एण्ड कम्पनीलाई रू. १,५०,०००/- (एकलाख पचास हजार) पारिश्रमिक दिने गरी लेखापरीक्षण समितिबाट गरिएको सिफारिस प्रस्तुत सभाले अनुमोदन गरिदिन लेखापरीक्षण समितिका अध्यक्ष श्री सुरज वैद्यज्यूले राख्नुभएको प्रस्तावलाई सभाले सर्वसम्मतिबाट अनुमोदन गर्ने निर्णय गऱ्यो ।

घ) **कम्पनी ऐन, २०६३ अनुरूप कम्पनीको प्रवन्धपत्र तथा नियमावली संशोधन सम्बन्धी विशेष प्रस्तावः**

कम्पनीको नियमावली संशोधन गर्नुपर्ने औचित्यका सम्बन्धमा प्रकाश पार्न अध्यक्षज्यूले कम्पनी सचिवलाई आग्रह गर्नुभयो ।

अध्यक्षज्यूको आग्रह पश्चात कम्पनी सचिवबाट संशोधनको सम्बन्धमा जानकारी दिइयो- कम्पनी ऐन, २०६३ मा स्वतन्त्र सञ्चालकको व्यवस्था गरिएको छ । सोही व्यबस्था अनुसार यस कम्पनीको दोश्रो वार्षिक साधारण सभाबाट कम्पनीको नियमावली संशोधन गर्ने सिलसिलामा स्वतन्त्र सञ्चालकको व्यवस्था हामीले गरिसकेका छौं । साविकको व्यवस्था अनुसार संस्थापकहरूको समूह "क" बाट निर्वाचित हुने ७ जना र सर्वसाधारण शेयरधनीहरूको समूह "ख" बाट निर्वाचित हुने २ जना गरी यस कम्पनीमा ९ जनाको सञ्चालक समिति रहेकोमा ऐनको व्यवस्था अनुसार २ स्वतन्त्र सञ्चालक समेत जोड्दा सञ्चालकको कूल संख्या ११ पुग्ने भएको हुंदा सोसंग सम्बन्धित यस कम्पनीको नियमावलीको नियम ८ को उपनियम (२) संशोधन गर्न प्रस्ताव गरिएको हो । प्रस्तुत प्रस्ताव अनुमोदन गरिदिनुहुन अनुरोध गर्दछु ।

कम्पनी सचिवको जानकारी पश्चात यस कम्पनीको नियमावलीको नियम ८ को उपनियम (२) संशोधन गर्न प्रस्तुत प्रस्तावलाई सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

**ङ) सर्वसाधारण शेयरधनीहरूको समूह "ख" बाट २ जना सञ्चालकहरूको निर्वाचन:**

यस कम्पनीमा सर्बसाधारण शेयरधनीहरूको समूह "क" बाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरूको निर्वाचन गर्नुपर्ने भएको हुंदा सञ्चालक समितिबाट श्री मेघनाथ न्यौपानेलाई निर्वाचन अधिकृतमा नियुक्त गरिएको थियो । नियुक्ति पश्चात निर्वाचन अधिकृतले मितिः २०६५/०१/२२ मा निर्वाचन कार्यक्रम प्रकाशित गर्नुभयो । जस अनुसार बैशाख २३ गते मतदाता नामावली प्रकाशन गरियो । बैशाख २४ र २५ गते उमेद्वारहरूको मनोनयन पत्र दर्ता गर्ने मिति निर्धारण गरियो । सो कार्यक्रम अनुसार श्री मिलन बहुउद्देश्यीय सहकारी संस्थाको तर्फबाट श्री सुरेश प्रजापति र श्री प्रताप कुमार आचार्यबाट उमेद्वारी दर्ता भयो र बैशाख २६ गते उमेद्वारको नामावली प्रकाशन गरियो । त्यसैगरी बैशाख २७ गते उमेद्वारको बिरोधमा उजुरी दिन सकिने कार्यक्रम निर्धारण गरिएकोमा उमेद्वारी उपर कसैको उजुरी पर्न नआएको हुंदा बैशाख २९ गते साांझ ५:०० बजे उमेद्वारको अन्तीम नामावली प्रकाशन गरियो ।

निर्वाचन अधिकृत सभामा उपस्थित हुन ढिला भएकोले सभाको अनुमति लिई निर्वाचन अधिकृतले जारी गर्नुभएको निर्वाचन परिणामको घोषणा कम्पनी सचिवबाट सभामा पढेर सुनाइयो । जस अनुसार यस तेश्रो वार्षिक साधारण सभामा समूह "ख" बाट प्रतिनिधित्व हुने २ (दुई) जना सञ्चालकहरूको निर्वाचनको लागि, निर्वाचन गर्नुपर्ने सञ्चालकको संख्या र निर्वाचनमा खडा भएका उमेदवारको संख्या बराबर भएको हुंदा कम्पनीको सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका, २०६३ को दफा (१३) बमोजिम उमेद्वारी दर्ता गर्नुहुने निम्न महानुभावहरू उक्त समूहको तर्फबाट निर्विरोध निर्वाचित हुनुभएको घोषणा गरियो ।

**<u>निर्वाचित सञ्चालकहरूको नाम र ठेगाना</u>**

१) श्री सुरेश प्रजापति, (प्रतिनिधि-मिलन बहुउद्देश्यीय सहकारी संस्था लि., नयां सडक, काठमाडौं) ।

२) श्री प्रताप कुमार आचार्य, चाबहिल, काठमाडौं ।

घोषणा पश्चात अध्यक्षज्यूले नवनिर्वाचित सञ्चालकज्यूहरूलाई हार्दिक बधाई दिंदै मञ्चमा आमन्त्रण गर्नुभयो र वहांहरूलाई आफ्नो तर्फबाट केहि बोलिदिन आग्रह गर्नुभयो । अध्यक्षज्यूको आग्रह पश्चात नवनिर्वाचित सञ्चालकज्यूहरूले आफु सर्वसाधारण शेयरधनीहरूको तर्फबाट सञ्चालक निर्वाचित भएको हुंदा सर्वसाधारण शेयरधनीहरूको हितको प्रवर्द्धनको लागि सक्रिय रूपमा कार्यरत रहने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

ङ) **<u>बिबिधः</u>**

विविध शिर्षक अन्तर्गत अध्यक्षज्यूले निम्न जानकारी गराउनुभयोः

क) ३ वर्षसम्म यस कम्पनीको लेखापरीक्षकको रूपमा रहि कम्पनीलाई सेवा प्रदान गर्नुभएका र आफ्नो व्यस्तताका बावजुद कम्पनीको लेखाप्रणालीलाई व्यवस्थित गर्न महत्वपूर्ण योगदान दिनुभएकोमा यस कम्पनीका लेखापरीक्षक श्री जितेन्द्र बहादुर राजभण्डारीज्यूलाई अध्यक्षज्यूले हार्दिक आभार प्रकट गर्दै धन्यवाद दिनुभयो र सभाले करतल ध्वनीकासाथ समर्थन गर्‍यो ।

ख) हाम्रो कम्पनी संस्थापन गर्नमा यस कम्पनीका प्रबन्ध सञ्चालक श्री शैलेन्द्र कुमार श्रेष्ठज्यूले निकै खंदिलो भूमिका निर्वाहा गर्नुभएको छ । कम्पनीको प्रथम साधारण सभा पश्चात सर्वसाधारण शेयरधनीहरूको लागि छुट्याइएको सञ्चालकको हैसियतले वहां प्रबन्ध सञ्चालकमा नियुक्त हुनुभएको र आजको यस साधारण सभाबाट सर्वसाधारण शेयरधनीहरूको तर्फबाट सञ्चालकहरू निर्वाचित भई आइसक्नुभएको हुंदा वहांले प्रबन्ध सञ्चालक पदबाट आजदेखि स्वतः अवकाश लिनुपर्ने भएको छ । प्रबन्ध सञ्चालक पदबाट अवकाश लिनुभएपनि वहां एक संस्थापक हुनुभएको र यस क्षेत्रमा वहांमा रहेको बिशिष्ट अनुभवको उपयोग कम्पनीले गरिरहनु पर्दछ भन्ने अभिप्रायबाट वहांलाई सञ्चालक समितिको सल्लाहाकार पदमा नियुक्त गर्न हामीले राखेको प्रस्तावलाई वहांले स्वीकार गर्नुभएको छ । यसरी वहां आजदेखि सञ्चालक समितिको सल्लाहाकारको रूपमा कार्यरत रहनु हुनेछ ।

वहांले प्रबन्ध सञ्चालकबाट अवकास लिनु भएको हुंदा अर्को व्यबस्था नभएसम्मको लागि कम्पनीका नायव प्रबन्ध सञ्चालक श्री प्रकाशमान

तुलाधरज्यूलाई सञ्चालक समितिले का.मु. प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त गरेको छ ।

आजदेखि अवकास लिनुहुने प्रबन्ध सञ्चालक श्री शैलेन्द्र कुमार श्रेष्ठज्यूलाई आफ्नो भनाई राखिदिनुहुन अध्यक्षज्यूले गर्नुभएको आग्रह अनुसार वहांले आफ्नो भनाई राख्नुभयोः

हुन त कुनै पनि पद सधैंको लागि स्थायी हुंदैन । यो एक स्वभाविक प्रकृया हो । कम्पनी स्थापना गर्ने सिलसिलामा हामीहरूले निकै कसरतहरू गऱ्यौं र यहांसम्म ल्याइपुऱ्यायौं । अब नयां आउने कम्पनी प्रमुखले कम्पनीलाई राम्रोसंग अगाडि बढाउनेछ भन्ने आशा राखेको छु । कम्पनीमा कार्यरत रहंदा अध्यक्षज्यू, सञ्चालकज्यूहरू, कर्मचारीहरू लगायत सबैबाट प्राप्त सहयोगको लागि हार्दिक आभार प्रकट गर्दछु ।

**धन्यबाद ज्ञापन तथा सभा बिसर्जनः**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले शेयरधनी महानुभावहरूबाट आफ्नो बहुमूल्य समय दिई छलफलमा सक्रिय सहभागी हुनु भई उपयोगी सुझावहरू प्रदान गर्नुभएकोमा र सभालाई सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न सहयोग गर्नुभएकोमा उपस्थित सबै शेयरधनी महानुभावहरूलाई हार्दिक धन्यबाद ज्ञापन गर्दै सभा बिसर्जन गरिएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| देवेन्द्र कोइराला | हिमालय शमशेर ज.ब.राणा |
| कम्पनी सचिव | अध्यक्ष |